# अत्यन्त जरुरी सुचना

हाल सालै कोरीयाको रोजगारी सुनिस्चित गराई दिने भन्दै कोरियामा रोजगारी चाहने ब्यक्तिहरुसँग पैसा उठाउने म्यान पावर कम्पनी एवं कन्सलटेन्सीको अनियमितताका घटना सार्वजनिक भएका छन ।

**अनियमितताका बिषय बश्तु**

- कोरियामा रोजगारी चाहने ३७ जना ब्यक्तिहरु सँगबाट प्रतिब्यक्ति आठ लाख रुपैंयाका दरले असुली कोरियामा रोजगारीका लागि पठाउन प्रयास गरेको तर नक्कली कागजातको आधारमा पठाउन लागिएका उनीहरु बिमान स्थल अध्यागमनको छानबिन बाट प्रस्थान अनुमति नपाएका कारण फिर्ता भएका ।

- ई पी एस प्रणालीमा म्यान पावर कंम्पनी वा ब्यक्तिले कुनै अबस्थामा पनी भुमिका खेल्न नसक्ने र नया बानेस्वर स्थीत एक कंम्पनीले नक्कली कागजातको आधारमा बैदेशिक रोजगार बिभागबाट श्रम स्वीकृति लिएको ।

- ह्रल प्रहरीबाट ठगीमा संलग्न उक्त म्यानपवर कम्पनीका एक जना संचालक लाई पक्राउ गरेको तथा बैदेसिक रोजगार विभागले उक्त घटनाको छानबिन समिति गठन गरेको ।

कोरियामा रोजगारीको चाहना गर्ने ब्यक्ति हरुले यस्ता ठगि गर्ने ब्यक्ति हरुको प्रलोभनमा परी पिडित बन्ने घटना नहुने गरी बिशेष होसियारी गर्नु हुन अनुरोध छ ।

त्यस्तै गरी कोरियाको रोजगारी सम्बन्धी ठगि वा अनियमितताको जानकारी इ पी एस सेन्टर वा रोजगार तथा श्रम मन्त्रालय(ई पी एस कार्यालय)मा गराई दिनुहुन अनुरोध गर्दै ठगिमा सलंग्न हुने ब्यक्ति उपर कानुन बमोजिम कडा कारवाही हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।